# कृषि तथा वन विज्ञान विश्वविद्यालय

**वन विज्ञान संकाय,डीनको कार्यालय हेटौडाको**

## बसको चेसिस खरीद सम्बन्धि बोलपत्र दाखिला सम्बन्धि सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय वन विज्ञान संकाय डीनको कार्यालय, हेटौडाकोलागि १ थान बसको चेसिस बोल पत्रद्वारा खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त आपुर्तिकर्ताले, निम्न शर्तको अधिनमा रही यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रीतपूर्वक शिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु:-**

१. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :- यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको ३ बजेभित्र । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खोल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फाराम रु.२,०००। - ( दुई हजार रुपैया मात्र ) (फिर्ता नहुने गरी) यस ब.वि.संकाय डीनको कार्यालय. हेटौडा, कृषि तथा वन विज्ञान विश्वविद्यालय केन्द्रिय कार्यालय, भरतपुर, कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्पर्क कार्यालय, काठमाण्डौबाट खरिद गरी सोही कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न सकिनेछ । (हेटौडाको टेलिफोन नं. ०५७५२७३४५, भरतपुर ०५६५२०६०२,काठमाण्डौं ०१४१०६२४७)

३. कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पट्टी शिरमा **"वन विज्ञान संकाय, डीनको कार्यालय हेटौडा बसको चेसिस खरीद सम्बन्धि बोलपत्र"** भनि लेखिएको हुनुपर्नेछ ।

४. बोलपत्र रहेको शिलबन्दी खामको बाहिर तथा बोलपत्र फाराममा आपुर्ति कर्ताको नाम, सही छाप र ठेगाना प्रष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ । अन्यथा मान्य हुनेछैन ।

५. बोलपत्र फाराम ब.वि..सं. डीनको कार्यालय, हेटौडाको Website: www.afu.edu.np बाट समेत Download गरी भर्न सकिनेछ । Website बाट Download गरिएका फारामको शुल्क यस संकायको खाता नं राष्ट्रिय बाणिज्य बैंक भरतपुर शाखाको चल्ती खाता नं. १३१०००५९५१०१ छुट्टै दाखिला गरेको भौचर संलग्न हुनुपर्नेछ ।

६. खरिद गरिएका वा Website बाट Download गरिएका बोलपत्र फाराम भरी सो फाराम लगायत अन्य आवश्यक कागजातहरुलाई Scan गरी E-mail Address: tenderfof afu@gmail.com मा attachment को रुपमा E-Bidding (Send) समेत गर्न सकिनेछ ।

७. बोलपत्र दाखिला गर्दा आपुर्तिकर्ताले जमानत वापतको रकम लागत अनुमानित अङ्कको २.५ ( साढे दुई) प्रतिशतले हुने कुल रकम यस संकायको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक भरतपुर शाखाको चल्ती खाता नं. १३१०००५९५१०१मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछि कबोल अंकको ५% ले हुन आउने नपुग रकम यस संकायको उल्लेखित खाता नं मा राष्ट्रिय बाणिज्य बैंक भरतपुर शाखाको चल्ती खाता नं. १३१०००५९५१०१ जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

८. E-Bidding गर्ने आपुर्तिकर्ताले जमानत वापतको रकम शिलबन्दी बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय भित्र नगद जम्मा गरिसकेको हुनुपर्नेछ । साथै उक्त सक्कल बैङ्क भौचर बोलपत्र खोलिने मिति र समय अगावै संकायलाई उपलब्ध गराई सक्नुपर्नेछ ।

९. बोलपत्र खरिदकर्ताले आ.व.२०६९/२०७० को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता र भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी आपुर्तिकर्ताले रितपूर्वकको लिखित निवेदन दिनुपर्नेछ ।

१०. बोलपत्र भर्दा दररेट प्रष्ट रुपमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ र दुई बीच फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्र दररेटहरु भ्याट बाहेक भर्नुपर्नेछ ।

११. संकायबाट जुन फर्मको नाममा बोलपत्र खरिद गरिएको हो, सोही फर्मको नामबाट मात्र सो बोलपत्र दर्ता गर्न सकिनेछ ।

१२. बोलपत्र दर्ता गर्ने म्याद समाप्त भएपछि प्राप्त बोलपत्र र रीत नपुगी प्राप्त हुन आएको बोलपत्रहरु वा कुनै शर्त राखी प्राप्त बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

१३. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संकायको बस खरिद समितिमा सुरक्षित रहनेछ ।

१४. नियमानुसार प्राप्त बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट २:०० बजे दिउँसो बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

१५. बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस संकायको सामान्य प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेख नभएको व्यहोराको सम्बन्धमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्रचलित आर्थिक नियम बमोजिम हुनेछ ।

१७. ठेकेदारलाई भुक्तानी दिंदा सम्झौताको शर्त अनुसार बस उपलब्ध भएको मितिले १ (एक) वर्षको ग्यारेण्टी (मेन्टिनेन्स)अवधि रहनेछ भुक्तानी दिने अङ्कको ५% रिटेन्सन कटाएर मात्र भुक्तानी दिइनेछ ।

१८. संकायले तोकेको म्याद भित्र आपुर्तिकर्ताले बसको चेसिस उपलब्ध नगरेको खण्डमा भुक्तानी गर्न बाध्य हुनेछैन ।

(बासुदेव पोखेल)
नि.डीन